# प्रेस विज्ञप्ती

## २०७६ र २०७७ को राष्ट्रिय चलचित्र पुरस्कार, विशेष चलचित्र तथा दीर्घ साधना सम्मान समारोह सम्पन्न

४ बैशाख, २०७९, काठमाडौः चलचित्र विकास बोर्डले दुईवर्षपछि ४ बैशाख, २०७९ मा राष्ट्रपति भवन, सितल निवासमा **राष्ट्रिय चलचित्र पुरस्कार, विशेष चलचित्र, विशेष योगदान सम्मान तथा दीर्घ साधना सम्मान** समारोह आयोजना गरेको छ ।

हरेक वर्ष आयोजना हुने राष्ट्रिय चलचित्र पुरस्कार समारोह कोरोनाको कारणले २०७६ र ०७७ मा हुनसकेको थिएन । त्यसैले पनि यसपटकको पुरस्कार समारोहलाई विशेषरुपमा हेरिएको छ । यसपटक समारोहमा २०७६ र २०७७ गरी दुई वर्ष सार्वजनिक प्रदर्शन भएका चलचित्रहरूमध्येबाट राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गरिएको छ । दुई वर्षमा सार्वजनिक प्रदर्शन भएका नेपाली चलचित्रहरू संयुक्तरूपमा निर्णायक समितिले १० विधामा पुरस्कारका लागि बोर्डलाई सिफारिस गरेको थियो । उक्त १० विधागत पुरस्कृतहरूलाई प्रमाणपत्र, नगद पुरस्कार २५ हजार र ट्रफी सहित पुरस्कृत गरिएको छ ।

२०७६ र ०७७ सालमा केन्द्रीय चलचित्र जाँच समितिबाट जाँचपास भएका चलचित्रहरूमध्येबाट चारवटा चलचित्रलाई **विशेष चलचित्रबाट** पुरस्कृत गरिएको र दुबै निर्णायक समितिलाई समेत सम्मान गरिएको छ । समारोहमा २०७६ र २०७७ को **दीर्घ साधना सम्मान**बाट दुईजनालाई जनही नगद पुरस्कार ३ लाख ५१ हजार १ सय ११ रूपैयाँ, ताम्रपत्र तथा दोसल्ला सहित सम्मान तथा चलचित्र क्षेत्रका विभिन्न विधाका ३३ जना विशिष्ट व्यक्तित्वहरूलाई समेत **विशेष योगदान सम्मान**बाट सम्मान गरिएको छ । प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्रीमती विधादेवी भण्डारीज्यूबाट पुरस्कार तथा सम्मान प्रदान गरिएको यस कार्यक्रममा माननीय सञ्चार, सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीज्यूको विशिष्ट आतिथ्यता र चलचित्र विकास बोर्डका अध्यक्ष श्री दयाराम दाहालज्यूको अध्यक्षता सहित विशिष्ट महानुभावहरूको उपस्थितिमा समारोह सम्पन्न भएको छ ।

यसै कार्यक्रममा बोर्डबाट प्रकाशन भएको **चलचित्र मञ्च २०७८** पुस्तक समेत सार्वजनिक गरिएको छ ।

**चिरञ्जीवी गुरागाईं**
चलचित्र संग्रहालय, सूचना तथा अन्तर्राष्ट्रिय सम्बन्ध अधिकृत

**नोटः** पुरस्कृत तथा सम्मानितहरूको नामावली विवरण यसैसाथ संलगन छ ।

## "राष्ट्रिय चलचित्र पुरस्कार (National Film Award) २०७६/२०७७": (प्रमाण पत्र, नगद पुरस्कार २५ हजार र ट्रफीसहित सम्मान)

| क्र.सं. | विधा | चलचित्रको नाम | पुरस्कृत व्यक्तिको नाम |
|---|---|---|---|
| १. | उत्कृष्ट सम्पादन | कबड्डी कबड्डी कबड्डी | निमेष श्रेष्ठ, सुरेन्द्र पौडेल |
| २. | उत्कृष्ट छायाङ्कन | छ माया छपक्कै | हरि हुमागाईं |
| ३. | उत्कृष्ट लेखन/कथा, पटकथा, सम्वाद | जात्रै जात्रा | प्रदीप भट्टराई |
| ४. | उत्कृष्ट अभिनेत्री | आमा | सुरक्षा पन्त |
| ५. | उत्कृष्ट अभिनेता | छ माया छपक्कै | दीपक राज गिरी |
| ६. | उत्कृष्ट निर्देशक | आमा | दिपेन्द्र के. खनाल |
| ७. | उत्कृष्ट चलचित्र | आमा | डि.एस.डिजिटल प्रा.लि. (शर्मिला पाण्डे, दिपेन्द्र के.खनाल) |
| ८. | उत्कृष्ट चलचित्र (आदिवासी, जनजाति, विभिन्न मातृभाषी) | पचे गोरे (गोरे बाजे) (गुरुङ भाषा) | मुनाल फिल्मस् प्रा.लि. (भोज बहादुर गुरुङ) |
| ९. | प्रोत्साहन पुरस्कार जुरी | जीवन काँडा की फूल | अवस्था थापा |
| १०. | नव प्रवेशी | रातो टिका निधारमा | अंकित शर्मा |

**राष्ट्रिय चलचित्र पुरस्कार २०७६/२०७७" निर्णायक समिति (जुरी) का पदाधिकारी : (प्रमाण पत्रसहित सम्मान )**

| क्र.स. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १. | श्री कृष्ण मल्ल | संयोजक |
| २. | श्री लय संग्रौला | सदस्य |
| ३. | श्री नरेश पौड्याल | सदस्य |
| ४. | श्री सामीप्यराज तिमल्सेना | सदस्य |
| ५. | श्री रेजिना उप्रेति | सदस्य |
| ६. | श्री गिरीश शर्मा | अधिकृत |
| ७. | श्री हरिसिंह रैखोला | अधिकृत |

## चलचित्र दीर्घ साधना सम्मान (Lifetime Achievement Award):

**(ताम्रपत्र, नगद ३ लाख ५१ हजार १ सय ११ र दोसल्लासहित सम्मान)**

(१) नायिका विशिष्ट चलचित्रकर्मी **श्री भुवन थापा (चन्द)** लाई २०७६ सालको "**चलचित्र दीर्घ साधना सम्मान**" बाट सम्मानित ।

(२) वरिष्ठ संगीतकार विशिष्ट चलचित्रकर्मी **श्री शम्भूजीत बासकोटा**लाई २०७७ सालको "**चलचित्र दीर्घ साधना सम्मान**" बाट सम्मानित ।

  (१) चलचित्र क्षेत्रमा २०२१ सालमा प्रवेश गरी २०२२ सालमा निर्मित नेपाली चलचित्र "**आमा**" मा नायिकाको भूमिका निर्वाह गर्दै प्रथम महिला नायिकाको रुपमा स्थापित भई सयौं चलचित्रमा अभिनय गर्नु भई हालसम्म पनि सिर्जनात्मक रुपमा कार्यकौशलताका साथ निरन्तर रुपमा चलचित्र कला मार्फत अभिनय तथा चलचित्र निर्माण विधामा समेत संलग्न रही देश, राष्ट्रिय जीवन तथा कला,सँस्कृतिको संरक्षण सम्बर्द्धन प्रचार प्रसार तथा स्वदेशी चलचित्रको विकास, संरक्षण तथा प्रवर्द्धनमा करिब ५७ वर्षसम्म अनवरत रुपमा सकारात्मक र महत्वपूर्ण भूमिका भूमिका निर्वाह गर्दै विशेष योगदान पुऱ्याउनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको चिनारी तथा प्रतिष्ठा अभिवृद्धि गर्न समेत सफल लोकप्रिय व्यक्तित्व नायिका विशिष्ट चलचित्रकर्मी श्री **भुवन थापा (चन्द)** लाई २०७६ सालको "**चलचित्र दीर्घ साधना सम्मान**" प्रदान गरिएको ।

  (२) वि.सं. २०२८ सालमा संगीत तथा गायनको क्षेत्रमा प्रवेश गर्नुका साथै २०४१ सालमा "**के घर के डेरा**" चलचित्रमा संलग्न हुँदै चलचित्रको गायन/गीत/संगीत विधामा निरन्तर रुपमा सक्रिय भूमिका निर्वाह गर्दै करिब ३५० भन्दा बढी नेपाली कथानक चलचित्रहरुमा संगीत निर्देशकका रुपमा कार्य गर्नुका साथै करिब

२००० भन्दा बढी नेपाली आधुनिक गीत, लोक संगीत तथा भजनहरु मार्फत कला क्षेत्रमा करिब चार (४) दशकदेखि अनवरत रुपमा सक्रिय भूमिका निर्वाह गर्दै विशेष योगदान दिनुका साथै ऐतिहासिक नेपाली कथानक चलचित्रहरु **प्रेमपिण्ड**, **सीमारेखा**, **ठूल्दाई**, **करोडपति**, **म तिमी बिना मरिहाल्छु**, **आफ्नो मान्छे**, **बसन्ती**, **राजमती**, **सेतो बाघ** लगायतका थुप्रै चलचित्रहरुमा संगीत निर्देशन गर्नुभई हालसम्म पनि सिर्जनात्मक रुपमा निरन्तर चलचित्र निर्माण,लेखन, गायन, गीत/संगीत विधामा संलग्न रही देशको कला,सँस्कृतिको संरक्षण सम्बर्द्धन, प्रचार-प्रसार तथा स्वदेशी चलचित्रको विकास, संरक्षण तथा प्रवर्द्धनमा सकारात्मक र महत्वपूर्ण आयाम पुऱ्याउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समेत नेपालको चिनारी, गौरव एवं प्रतिष्ठा अभिवृद्धि गर्न समेत सफल लोकप्रिय व्यक्तित्व वरिष्ठ संगीतकार विशिष्ट चलचित्रकर्मी श्री **शम्भूजीत बासकोटा**लाई २०७७ सालको “**चलचित्र दीर्घ साधना सम्मान**” प्रदान गरिएको ।

## विशेष चलचित्र (Special Film) पुरस्कार २०७६ र २०७७:

**विशेष चलचित्र २०७६: (प्रमाण पत्रसहित सम्मान)**

| क्र.सं. | चलचित्रको नाम | निर्माण संस्था |
|---|---|---|
| १. | आमा | डि.एस.डिजिटल प्रा.लि. (शर्मिला पाण्डे, दिपेन्द्र के.खनाल) |
| २. | मि न्होर्बे ट (गुरुङ भाषा) | पाइला फिल्मस प्रा.लि. (आश बहादुर गुरुङ) |
| ३. | नालापानी | रिमेश अधिकारी फिल्म प्रोडक्सन प्रा.लि. (रिमेश अधिकारी) |

**विशेष चलचित्र २०७७: (प्रमाण पत्रसहित सम्मान)**

| क्र.सं. | चलचित्रको नाम | निर्माण संस्था |
|---|---|---|
| १ | सरिता- टेल मी हु आइ एम उमेर ११ वर्ष | नेशनल मिडिया प्रोडक्सन प्रा.लि. (रविन आचार्य) |

**विशेष चलचत्रि छनोट २०७६/२०७७” जुरी समितिका पदाधिकारी: (प्रमाण पत्रसहित सम्मान )**

| क्र.स. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १. | श्री प्रकाश भट्टराई | संयोजक |
| २. | श्री दिनेश डि.सी. | सदस्य |
| ३. | श्री चेतन सापकोटा | सदस्य |
| ४. | श्री ऋृषि लामिछाने | सदस्य |
| ५. | निर्मला चौलागाई | सदस्य-सचिव |
| ६. | चिरञ्जीवी गुरागाई | प्राविधिक सदस्य |

**“विशेष योगदान सम्मान”बाट सम्मान गरिएका चलचित्रकर्मीहरू : (प्रमाण पत्रसहित सम्मान)**

| क्र. सं. | चलचित्रकर्मीको नाम | चललचित्रमा योगदान पुऱ्याएको विधा | कैफियत |
|---|---|---|---|
| १. | श्री राजेश हमाल | नायक | |
| २. | श्री शम्भु प्रधान | निर्माता/निर्देशक | |
| ३. | श्री चैत्यदेवी सिंह | नायिका/कलाकार | |
| ४. | श्री शर्मिला मल्ल | नायिका | |
| ५. | श्री गौरी मल्ल | नायिका | |
| ६. | श्री चिरञ्जीवी बस्नेत | चलचित्र निर्माता | |
| ७. | श्री रविन्द्र खड्का | कलाकार | |
| ८. | श्री नवल खड्का | चलचित्र निर्माता/निर्देशक/कलाकार | |
| ९. | श्री सुशिल पोखरेल | चलचित्र निर्माता | |
| १०. | श्री शर्मिला पाण्डे | चलचित्र निर्माता | |
| ११. | श्री अर्जुन कुमार डंगोल | चलचित्र निर्माता | |

| क्र. सं. | चलचित्रकर्मीको नाम | चललचित्रमा योगदान पुऱ्याएको विधा | कैफियत |
|---|---|---|---|
| १२. | श्री मदन घिमिरे | चलचित्र निर्देशक | |
| १३. | श्री शंकर प्रसाद कोइराला (एस.पी. कोइराला) | गीतकार (चलचित्र विधामा नीतिगत तहमा योगदान) | |
| १४. | श्री राजेशपायल राई | गायक | |
| १५. | श्री सुरेश चन्द्र अधिकारी | संगितकार | |
| १६. | श्री राजु विक्रम थापा | छायाँकार (प्राविधिक) | |
| १७. | श्री कमल राई | नृत्य निर्देशक | |
| १८. | श्री विदुर गिरी | चलचित्र पत्रकारिता | |
| १९. | श्री लक्ष्मी आचार्य | गायिका | |
| २०. | श्री दिपाश्री निरौला | कलाकार/निर्देशक | |
| २१. | श्री एन.बि. महर्जन | द्वन्द्व निर्देशक | |
| २२. | श्री उदय सुब्बा | निर्माता/निर्देशक | |
| २३. | श्री सौगात मल्ल | कलाकार | |
| २४. | श्री सन्तु तामाङ | मेकअप म्यान (प्राविधिक) | |
| २५. | श्री पुष्कर लामा | प्राविधिक | |
| २६. | श्री गोपालकाजी कायस्थ | चलचित्र वितरक | |
| २७. | श्री रविन्द्र झा | कलाकार | |
| २८. | श्री विष्णु चलचित्र मन्दिर, दाङ्ग (अर्जुन श्रेष्ठ) | चलचित्र प्रदर्शक | |
| २९. | श्री सुशान्त कुमार श्रेष्ठ | कलाकार, निर्माता | |
| ३०. | श्री चिरञ्जीवी गुरागाईं | (चलचित्र सम्पदा संरक्षणमा योगदान)<br>अधिकृत, चलचित्र विकास बोर्ड | |
| ३१. | श्री गिरीश शर्मा | अधिकृत, चलचित्र विकास बोर्ड | |
| ३२. | श्री प्रभाकर भट्टराई | अधिकृत, चलचित्र विकास बोर्ड | |
| ३३. | श्री निर्मला चौलागाई | अधिकृत, चलचित्र विकास बोर्ड | |

**"वर्ष उत्कृष्ट कर्मचारी पुरस्कार, चलचित्र विकास बोर्ड":**

१. **नायब सुब्बा, श्री अविनेश आवाज**

२. **हलुका सवारी चालक श्री कृष्ण बहादुर दनुवार**